# प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३

| लालमोहर सदर मिति | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| २०१३।७।१५ | २०१३।७।२७ |

| संशोधन गर्ने ऐन | लालमोहर र प्रकाशन मिति |
|---|---|
| १. केही नेपाल कानुन (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | २०२०।११।१६ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| [ञ]२. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |

२०१३ सालको ऐन नं. १०

[द]..............

## प्रादेशिक बहुमुखी योजना कार्यान्वित गर्न बनेको ऐन

कुनै क्षेत्रहरूमा बहुमुखी विकास योजनाहरू शीघ्रतापूर्वक कार्यान्वित [घ]हुने व्यवस्था गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रादेशिक विकास योजनाहरू (कार्यान्वित गर्ने) ऐन, २०१३" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

नेपाल कानून आयोग

[ञ] यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

[द] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

[घ] केही नेपाल कानुन (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

२. **विकास क्षेत्रको सूचनाः** तोकिएको जुनसुकै इलाकाको विकासको लागि बहुमुखी योजना तयार गरी नेपाल सरकारले प्रकाशित सूचनाद्वारा सो क्षेत्रलाई विकास क्षेत्र भनी घोषित गर्न सक्नेछ ।

३. **विकास क्षेत्र सम्बन्धमा नेपाल सरकारको अधिकारः** दफा २ अन्तर्गत सूचना प्रकाशित भएपछि नेपाल सरकारले देहायबमोजिम गर्न सक्नेछः—

(क) तोकिएको अधिकृतहरूद्वारा सर्भे गर्न निर्देश दिने र यस्ता अधिकृतहरू विकास क्षेत्रको जुनसुकै जग्गा जमीनमा प्रवेश गर्न पाउने ।

(ख) विकास योजना कार्यान्वित गर्न आवश्यक भएको बाटो, घाट, नहरहरू बनाउने र यस्तै अरू कामहरू गर्ने ।

४. **जग्गा जमीन प्राप्त गर्ने नेपाल सरकारको अधिकारः** (१) दफा २ अन्तर्गत सूचनामा उल्लेख भए अनुसारको कुनै विकास योजना कार्यान्वित गर्नको निमित्त विकास क्षेत्र भित्रको कुनै जग्गा जमीन इत्यादिको आवश्यकता छ भन्ने नेपाल सरकारको विचारमा लागेमा नेपाल सरकारले त्यस्तो जग्गा जमीन प्राप्त गर्न सक्तछ ।

(२) जग्गा प्राप्त गर्ने बारे तत्काल लागू भई रहेको ऐनबमोजिम यस्ता जग्गा जमीन प्राप्त गरिनेछ ।

तर जग्गा प्राप्त गर्नुभन्दा अघि दुई वर्षसम्म पर्ति रहेको जग्गा जमीनका हकमा कुनै क्षतिपूर्ति दिइने छैन र नेपाल सरकारले विकसित क्षेत्रको कुनै विकसित जग्गा जमीन बेच्न चाहेको खण्डमा जुन जुन व्यक्तिबाट नेपाल सरकारले क्षतिपूर्ति वेगर त्यस क्षेत्रमा जग्गा जमीन प्राप्त गरेको थियो, ती ती व्यक्तिले दफा ५ अन्तर्गत बनिने नियमहरूको अधीनमा रही त्यस्तो विकसित जग्गा जमीन किन्न नपाई अरूले किन्न पाउने छैन ।

५. **नियमहरू बनाउने नेपाल सरकारको अधिकारः** (१) यस ऐनको उद्देश्य पूर्ति गर्नका लागि नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपारी सो नियमहरूले देहायका कुराहरूमा पनि व्यवस्था गर्न सक्नेछः—

(क) कुन काइदाले र कुन कार्यप्रणालीले कामहरू कार्यान्वित गरिन्छन्, सो बारे ।

(ख) विकसित जमीन बेच्दा भोगाधिकार कस्तो हुने र किन्ने व्यक्ति तथा निजको सन्तान दरसन्तानले कुन शर्तमा यस्ता जग्गा जमीनहरू भोग गर्छन्, सो बारे ।

६. **प्रचलित ऐनसँग बाझिएमा गर्ने बारेः** तत्कालिन लागू रहेको कुनै नेपाल कानूनसँग बाझिएतापनि [द्द]यो ऐन लागू हुनेछ ।

नेपाल कानून आयोग

[द्द] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने एने, २०६३ द्वारा रूपान्तर भएका शब्दहरूः—
"नेपाल सरकार" वा "सरकार" को "श्री ५ को सरकार" ।